धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५९ ◆ २०८३ असार ३१ गते बुधबार, Wednesday, July 15, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## विद्यार्थी कुटिएको घटनाप्रति शिक्षा मन्त्रालयको चासो

काठमाडौं । काठमाडौंको बौद्धमा रहेको खावालिङ विद्यालयमा शिक्षिकाले विद्यार्थीलाई कुटपिट गरेको घटनाप्रति शिक्षा तथा खेलकुद मन्त्रालयले चासो लिएको छ ।

विद्यालयकी शिक्षिका सोना रानाले कक्षा ४ मा अध्ययनरत एक विद्यार्थीलाई कुटपिट गरेको श्रव्यदृश्य सामग्री सामाजिक सञ्जालमा सार्वजनिक भएपछि शिक्षामन्त्री सस्मित पोखरेलले उक्त घटनाका सम्बन्धमा पीडित विद्यार्थी, विद्यालयका सञ्चालक तथा प्रधानाध्यापकसँग मंगलबार मन्त्रालयमा छलफल गर्नुभएको हो । मन्त्री पोखरेलले पीडित विद्यार्थीसँग छुट्टैसमेत छलफल गर्नुभयो । उहाँले विद्यार्थीलाई खेलकुद सामग्री प्रदान गर्दै अध्ययन र खेलकुदका लागि हौसला तथा प्रोत्साहन गर्नुभयो । सो अवसरमा मन्त्री पोखरेलले विद्यार्थीलाई कुटपीपिटको घटनामा आवश्यक कानुनी प्रक्रिया अपनाउनुपर्ने भएको खण्डमा सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो । साथै, उहाँले विद्यार्थीलाई मनोवैज्ञानिक असर नगर्ने गरी विद्यालयले घटनामा संलग्न शिक्षिकालाई सचेत गराउन ध्यानाकर्षण गराउनुभयो । साथै आगामी दिनमा यस्ता प्रकृतिका घटना दोहोरिन नदिन शिक्षकहरुलाई आवश्यक तालीम लगायतको व्यवस्था गर्न पनि विद्यालयलाई आग्रह गर्नुभयो ।

उक्त घटना एक वर्ष पहिलाको भए पनि यस्ता किसिमका विकृति दोहोरिन नदिन मन्त्रालयले सजकता अपनाउँदै विद्यालय र पीडित पक्षसँग चासो लिएर पहलकदमी लिएको हो । खावालिङ स्कुलका प्रधानाध्यापक सुनिल रानाका अनुसार शिक्षिका रानालाई गत जेठमा नै विद्यालयबाट निस्कासन गरिएको थियो ।

## अलैंची, चिया र किबीमा व्यावसायिक बन्दै तुलसी

इलाम । स्थानीय तुलसी पिठाकोटेले बहुखेती प्रणालीमार्फत मनग्गे आम्दानी गर्नुभएको छ ।

फाकफोकथुम गाउँपालिका-५ का युवा उद्यमी पिठाकोटेले २५ रोपनीमा अलैंची, नौं रोपनीमा चिया र सात रोपनीमा किबी खेती गरी सन्तोषजनक आम्दानी गर्नुभएको हो ।

उहाँको खडकुडे बहुउद्देश्यीय कृषि फार्मबाट वार्षिक करिब ३५ क्वीन्टल किबी, १५ मन अलैंची र एक हजार किलोग्राम चिया उत्पादन हुन्छ । "कृषि कर्ममा डटेर लागेपछि भविष्य बन्यो", पिठाकोटेले भन्नुभयो, "कृषिमा बगाएको पसिनाले, सपना पनि फल्दो रहेछ", उहाँले वार्षिक रु २० लाख बचत र फर्ममा १५ जनालाई रोजगारी प्रदान गर्नुभएको छ । भविष्यमा किबीबाट जुस, जाम र वाइन उत्पादन गरी मूल्य अभिवृद्धि गर्ने तथा अलैंचीलाई आधुनिक भट्टीमार्फत प्रशोधन गर्ने उहाँको योजना छ । "किबी भण्डारण गर्ने ठाउँ छैन । अलैंची आधुनिक भट्टी बनाएर प्रशोधन गर्नुछ । पूर्वाधार समस्याले सकिर हेको छैन", उहाँले भन्नुभयो ।

कृषि कर्ममा लागेवापत उहाँलाई पालिकाले ५० प्रतिशत अनुदानमा कृषि उपकरण उपलब्ध गराएको गाउँपालिका अध्यक्ष दीपेन्द्र खनालले बताउनुभयो ।

## पूर्वसचिव डा जोशीको निधन

काठमाडौं । नेपाल सरकारका पूर्वसचिव डा जीवगर जोशीको ७६ वर्षको उमेरमा मंगलबार निधन भएको छ ।

उहाँ केही समयदेखि मुटुसम्बन्धी समस्याले पीडित हुनहुन्थ्यो ।

काठमाडौं महानगरपालिका-१३ ताहाचल निवासी जोशी नेपालका एक प्रमुख सहरी योजनाकार, दिगो विकासविद् तथा क्षेत्रीय योजनाकार हुनुहुन्थ्यो । सहरी विकास मन्त्रालयको सचिव एवं वातावरण मन्त्रालयको सहसचिव लगायतको जिम्मेवारी निभाउनुभएका डा जोशी पछिल्लोपटक पोखरा विश्वविद्यालय अन्तर्गतको स्कुल अफ इन्भाइरोन्मेन्टल म्यानेजमेण्टसँग आवद्ध हुनुहुन्थ्यो ।

पूर्वसचिव जोशीले अर्बन प्लानिङ इन नेपाल, हाउजिङ एण्ड अर्बन डेभलपमेण्ट इन नेपाल र रिजनल स्ट्रटजीज फर सस्टेनेबल डेभलपमेण्ट इन नेपाल लगायतका पुस्तक लेख्नुभएको छ ।

## संविधानसभाका तीन सदस्य दोषी ठहर सदर

काठमाडौं । उच्च अदालत पाटनले रातो पासपोर्ट दुरुपयोग र कीर्ते कागजसम्बन्धी मुद्दामा तत्कालीन संविधानसभाका तीन सदस्यलाई दोषी ठहर हुने जिल्ला अदालत काठमाडौंको निर्णयलाई सदर गरेको छ ।

न्यायाधीशद्वय खड्कबहादुर केसी र गोपालप्रसाद बाँस्तोलाको संयुक्त इजलासले यही असार २३ गते संविधानसभा सदस्यहरु गायत्री साह, विश्वनाथप्रसाद यादव र शिवपुजन राय यादवलाई दोषी ठहर हुने जिल्लाको निर्णय सदर गरेको हो । उच्च अदालत पाटनका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाका अनुसार संविधानसभाका तीन सदस्यलाई जिल्लाले ठहर गरेको जनही पाँच महिना कैद र रु ५०० जरिबाना हुने फैसला उच्च अदालतले सदर गरेको हो । जिल्ला अदालत काठमाडौंले उक्त निर्णय २०७१ जेठ २१ गते सुनाएको थियो । पहिलो संविधानसभा २०६४ का तीन सदस्यहरुले हैसियतले प्राप्त भएको विशिष्ट कूटनीतिक राहदानी आर्थिक लाभका निम्ति बिचौलियालाई बिक्री गरेको प्रहरीको अभियोग थियो । अदालतले सोही अभियोगमा डिलबहादुर घर्ती, गोपाल बानियाँ, मनोजकुमार कार्की, देवेन्द्र पौडेल र सन्तोषराज उप्रेतीलाई पनि कीर्ते कागज कसुरमा दोषी ठहर गरी जनही एक वर्ष कैद र रु पाँच लाख ५४ हजार जरिवाना हुने ठहर गरेको छ । नक्कली राहदानी प्रयोग गरी अस्ट्रेलिया जान खोजेका म्याग्दीका पृथ्वी छन्त्याल लाई जिल्ला अदालत काठमाडौंले एक वर्ष कैद र रु ५०० जरिवानाको सजाय सुनाएको थियो ।

## नेपाल-इजरायल आर्थिक सहकार्य विस्तारमा जोड

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठ र नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरी बासबीच नेपाल-इजरायलबीचको आर्थिक, व्यापारिक, लगानी तथा श्रम सहकार्य विस्तारका विषयमा छलफल भएको छ ।

महासङ्घ सचिवालयमा मंगलबार भएको भेटवार्तामा दुवै पक्षले नेपाल-इजरायल आर्थिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन निजी क्षेत्रको सक्रिय सहभागिता, लगानी प्रवर्द्धन, नवप्रवर्तन, प्रविधि हस्तान्तरण तथा व्यापारिक सहकार्यलाई प्राथमिकता दिने विषयमा जोड दिएका छन् । साथै सन् १९९३ मा नेपाल उद्योग वाणिज्य महासङ्घ र फेडरेशन अफ इजरायली चेम्बर अफ कमर्शबीच भएको सम्झौता नवीकरण गर्दै आर्थिक सहकार्य विस्तार गर्नुपर्नेमा दुवै पक्ष सहमत भएका छन् ।

अध्यक्ष श्रेष्ठले इजरायलले हासिल गरेको आर्थिक विकास नेपालका लागि प्रेरणादायी रहेको उल्लेख गर्दै विशेषगरी कृषि आधुनिकीकरण, नवीकरणीय ऊर्जा, डिजिटल नवप्रवर्तन, स्वास्थ्यलगायतका क्षेत्रमा इजरायली अनुभव नेपालका लागि अत्यन्त उपयोगी हुने बताउनुभयो । उहाँले इजरायलले नेपाली श्रमिक, विशेषगरी केयरगिभरका लागि उपलब्ध गराएको सम्मानजनक रोजगारीको अवसरको पनि सराहना गर्दै सरकार-सरकार (जीटुजी) श्रम सम्झौताले पारदर्शी र सुरक्षित वैदेशिक रोजगारी सुनिश्चित गरेको बताउनुभयो ।

हाल संस्थागत रुपमा नेपाली श्रमिक इजरायल गएकामा व्यक्तिगत रुपमा घरका लागि केयरगिभिङ तथा कृषि क्षेत्रमा श्रमिक लैजाने इजरायलको चाहनाले नेपाली युवाका लागि थप अवसर सिर्जना हुने उहाँले बताउनुभयो । अध्यक्ष श्रेष्ठले नेपालमा राजनीतिक स्थायित्व कायम भएको, लगानीमैत्री वातावरण निर्माणका लागि सरकारले नीतिगत सुधार तथा व्यवसायिक प्रक्रिया सरलीकरणमा काम गरिरहेको उल्लेख गर्दै विदेशी लगानीकर्ताका लागि नेपाल आकर्षक गन्तव्य बन्दै गएको बताउनुभयो । नेपाल र इजरायलका निजी क्षेत्रबीच व्यापारिक प्रतिनिधिमण्डल आदानप्रदान, व्यवसाय-व्यवसाय (बीटुबी) बैठक, संयुक्त लगानी तथा संस्थागत साझेदारी विस्तार गर्न महासङ्घ तयार रहेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले नेपाली र इजरायली व्यवसायीबीच पुलको भूमिका निर्वाह गर्न महासङ्घ प्रतिबद्ध रहेको बताउनुभयो ।

भेटमा राजदूत बासले इजरायल नेपाली श्रमिकलाई थप रोजगारीका अवसर उपलब्ध गराउन इच्छुक रहेको बताउनुभयो । हाल इजरायलले संस्थागत रुपमा नेपाली श्रमिक लैजाने गरेकामा अब व्यक्तिगत रुपमा घरका लागि केयरगिभिङ तथा कृषि क्षेत्रमा श्रमिक लैजान चाहेको बताउनुभयो । साथै उहाँले इजरायल नेपाली महिलाका लागि सुरक्षित श्रम गन्तव्य भएको उल्लेख गर्दै भविष्यमा श्रम सहकार्यलाई अझ विस्तार गर्न सकिने धारणा राख्नुभयो ।

राजदूत बासले इजरायल नेपालमा लगानी गर्न इच्छुक रहेको तर इजरायली व्यवसायीले लगानीको सुरक्षा, दाहोरो कर छुट तथा मुनाफा सजिलै लैजान सक्ने कानूनी स्पष्टता खोजेको धारणा राख्नुभयो । उहाँले नेपालसँग सिमेन्ट, जडीबुटी तथा औषधिजन्य उत्पादन (हर्बल तथा मेडिसिन), चिया व्यापार प्रवर्द्धन, कृषि तथा अन्य उत्पादनको मूल्य अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा निजी क्षेत्रबीच सहकार्य विस्तार गर्न इजरायल तयार रहेको बताउनुभयो ।

## सार्वजनिक खरिद ऐन संशोधनले पूर्वाधार विकासलाई गति दिने विश्वास

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल निर्माण व्यवसायी महासङ्घले सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधन जारी गरेकामा स्वागत गर्दै यसले मुलुकको पूर्वाधार विकासलाई गति दिने विश्वास व्यक्त गरेको छ ।

महासङ्घले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा संशोधित ऐनले 'लो बिडिङ' (सबैभन्दा कम मूल्यमा ठेक्का दिने) प्रणालीको अन्त्य गरी औसत विधिबाट ठेक्का प्रदान गर्ने व्यवस्था गरेकाले निर्माण क्षेत्रमा देखिएका अधिकांश समस्या समाधान हुने अपेक्षा गरिएको उल्लेख गरेको छ । महासङ्घले बजेट विनियोजन वा स्रोत सुनिश्चित नगरी खरिद प्रक्रिया सुरु नगर्ने, जग्गा प्राप्ति, मुआब्जा, निर्माणस्थल र वातावरणीय प्रतिवेदन स्वीकृत भएपछि मात्रै बोलपत्र आह्वान गर्ने व्यवस्था सकारात्मक भएको जनाएको छ ।

सरकारी मापदण्डअनुसार लागत अनुमान तयार गर्ने, नियोजक, निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताको जिम्मेवारी स्पष्ट गर्ने, समयमै गुणस्तरीय काम सम्पन्न गर्ने कर्मचारीलाई प्रोत्साहन तथा बोनस दिने र निर्माण व्यवसायीलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा प्रशंसापत्र प्रदान गर्ने व्यवस्थालाई महासङ्घले स्वागत गरेको छ । महासङ्घका महासचिव शिवहरि घिमिरेले कार्यसम्पादन जमानत पाँच प्रतिशतमा सीमित गरिएको, कम्पनी एकीकृत भएपछि योग्यता गणना हुने व्यवस्था गरिएको, बोलपत्र पेस गर्ने समय बढाइएको तथा सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णय कार्यान्वयन लाई थप बाध्यकारी बनाइएको व्यवस्थाले सार्वजनिक खरिद प्रणालीलाई थप व्यवस्थित र मर्यादित बनाउने विश्वास व्यक्त गर्नुभयो । महासङ्घले सार्वजनिक खरिद ऐन संशोधनलाई पूर्वाधार विकाससँग जोडेर अगाडि बढाएको भन्दै प्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सम्बन्धित सचिव तथा कर्मचारीलाई धन्यवाद दिएको छ ।

## खोज, उद्धार र राहतका लागि निजी क्षेत्रले सरकारलाई हेलीकोप्टर उपलब्ध गराउने

काठमाडौं । विपद्मा परेका व्यक्तिहरुको खोज तथा उद्धारका लागि प्रयोग हुने गरी निजी क्षेत्रले हेलीकोप्टर, ड्रोन र राफ्टिङ उपलब्ध गराउने भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र वायुसेवा सञ्चालक सङ्घ, नेपाल, नेपाल ड्रोन सङ्घ र नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज् (नारा) बीच उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो । वायुसेवा सञ्चालक सङ्घ, नेपालसँगको समझदारी अनुसार काठमाडौं उपत्यकाभित्र उडान गर्नुपरेमा निःशुल्क उपलब्ध गराउने र उपत्यकाबाहिर उडान गर्नुपरेमा न्यूनतम सञ्चालन खर्चमा सेवा दिने समझदारी भएको छ ।

यसैगरी नेपाल ड्रोन सङ्घसँगको समझदारी अनुसार विपद्को समयमा ड्रोनको प्रयोग आवश्यक भएमा प्राधिकरणलाई निःशुल्क रुपमा ड्रोन र तत्सम्बन्धी उपकरण (पाईलटसहित) उपलब्ध गराउनु पर्नेछ । सो कार्यमा खटिने सदस्यहरुको यात्रा र बसोबासको व्यवस्था भने प्राधिकरणले गर्ने उल्लेख छ । नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज् (नारा) सँगको समझदारी अनुसार विपद्को समयमा राफ्टको प्रयोग गर्न प्राधिकरणले आवश्यक देखेर माग गरेमा नाराले निःशुल्क रुपमा राफ्ट र तत्सम्बन्धी उपकरण (जनशक्तिसहित) उपलब्ध गराउनु पर्ने उल्लेख छ । राफ्ट र जनशक्ति बाढी, डुबान तथा नदीजन्य विपद्मा परेका व्यक्तिहरूको तत्काल खोज तथा उद्धार, राहत सामग्री, औषधि र उद्धार टोलीको ढुवानीलगायतका काममा प्रयोग गरिने समझदारी छ । यो समझदारी एक वर्षसम्म कायम रहने र आपसी समझदारीमा पुनःनवीकरण गर्न सकिनेसमेत समझदारी पत्रमा उल्लेख गरिएको छ ।

सो अवसरमा प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले विपद्का बेला सरकार, निजी क्षेत्र र समुदायको आपसी सहकार्य तथा समन्वय जरुरी हुने बताउनुभयो । उहाँले सबैको हातेमालोबाट मात्रै विपद्लाई पार लगाउन सकिने जिकिर गर्दै निजी क्षेत्रको सेवा भावप्रति आभार व्यक्त गर्नुभयो ।

यसैगरी वायुसेवा सञ्चालक सङ्घ, नेपालका महासचिव मुरलीधर जोशी, नेपाल ड्रोन सङ्घका अध्यक्ष राजविक्रम महर्जन र नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज् (नारा) का निमित्त अध्यक्ष शिव अधिकारीले विपद्मा परेका नागरिकको जीउधनको सुरक्षाका लागि आफूहरुले सकेको मद्दत गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सो अवसरमा राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रका उपसचिव फणिन्द्रप्रसाद पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, सडक विभाग, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका प्रतिनिधिहरुको उपस्थिति थियो ।

सम्पादकीय ....

## शिक्षामा लगानी बढाउनुपर्ने

स्थानीय तहका वार्षिक बजेट तथा कार्यक्रम हेर्दा प्राथमिकताको प्रश्न अझ गम्भीर रूपमा उठ्छ। कतिपय स्थानमा धार्मिक, सांस्कृतिक तथा विभिन्न सामाजिक कार्यक्रमका लागि उदारतापूर्वक बजेट विनियोजन गरिन्छ । विद्यालयका आधारभूत आवश्यकताका लागि सामान्य रकम उपलब्ध गराउन पनि कठिनाइ देखाइन्छ। समाजका सांस्कृतिक गतिविधि महत्वपूर्ण भए पनि राष्ट्रको भविष्य निर्माण गर्ने शिक्षाभन्दा माथि कुनै पनि क्षेत्रलाई राख्न मिल्दैन । आजको विद्यार्थी नै भोलिको दक्ष जनशक्ति, वैज्ञानिक, चिकित्सक, इन्जिनियर, उद्यमी र राष्ट्रनिर्माता भएकाले शिक्षामा गरिएको लगानीको प्रतिफल समाजले दशकौंसम्म प्राप्त गर्छ।

हजारौं सामुदायिक विद्यालय आधारभूत समस्याहरूसँग जुधिरहेका छन् । कतिपय विद्यालय बर्खायाममा डुबानमा पर्छन्। विद्यालयपरिसरमा पानी जमेर विद्यार्थी हिलो र पानी छिचोल्दै कक्षाकोठासम्म पुग्न बाध्य हुन्छन्। यस्ता विद्यालयले केही ट्याक्टर माटो माग्दा पनि बजेट अभावको जवाफ पाउँछन्। कतै डेस्क-बेन्चको अभाव छ, कतै सुरक्षित खानेपानी छैन, कतै शौचालय प्रयोगयोग्य अवस्थामा छैन । गर्मीयाममा विद्यार्थी अत्यधिक गर्मी सहेर पढ्न बाध्य छन् तर एउटा पङ्खासमेत जडान गर्न बजेट उपलब्ध हुँदैन । कतिपय विद्यालयमा घेराबार, पुस्तकालय, प्रयोगशाला तथा सूचना प्रविधिका आधारभूत सुविधा पनि छैनन्।

न्यूनतम आवश्यकता पूरा गर्न नसकेका विद्यालय सहयोगबाट वञ्चित भइरहँदा आर्थिक रूपमा सक्षम विद्यालयमा भने थप बजेट थुपार्ने प्रवृत्ति देखिन्छ। आफैं स्रोत जुटाउन सक्ने विद्यालयले थप अनुदान पाउँछन् तर समस्याग्रस्त विद्यालय उपेक्षित हुन्छन्। यसले आवश्यकता र औचित्यमा आधारित बजेट प्रणालीको सट्टा पहुँच र प्रभावमा आधारित वितरण संस्कृतिलाई बढावा दिएको देखिन्छ। परिणामस्वरूप कमजोर विद्यालय झन् कमजोर र सबल विद्यालय झन् सबल बन्दै जान्छन्। यसले संविधानले परिकल्पना गरेको समान अवसर र समतामूलक शिक्षाको अवधारणालाई समेत कमजोर बनाउँछ।

विद्यालय सञ्चालन केवल शिक्षकको तलब दिएर पूरा हुँदैन । विद्यालयमा दैनिक रूपमा मर्मतसम्भारका अनेक आवश्यकता उत्पन्न भइरहेका हुन्छन्। झ्यालढोका, छाना, विद्युत् प्रणाली, कम्प्युटर, खानेपानी, शौचालय, फर्निचर तथा सूचना प्रविधिसम्बन्धी सामग्रीको नियमित व्यवस्थापन आवश्यक हुन्छ। धेरै विद्यालयसँग सामान्य मर्मतसम्भार गर्ने स्रोतसमेत छैन । परिणामस्वरूप विद्यालय अभिभावक, दातृ संस्था वा अन्य अनौपचारिक सहयोगमा निर्भर हुन बाध्य छन्। स्थानीय तहले विद्यालयलाई निरन्तर नतिजा सुधार्न निर्देशन दिन्छन्। शैक्षिक गुणस्तर बढाउन, सिकाइ उपलब्धि सुधार्न र उत्कृष्ट नतिजा ल्याउन दबाब दिइन्छ। यद्यपि गुणस्तरीय शिक्षाका लागि आवश्यक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि, शैक्षिक सामग्री तथा शिक्षकको पेसागत विकासमा पर्याप्त लगानी गरिँदैन।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# व्यावसायिक बेसारखेतीमा इलामका किसान

*रामकुमार लिम्बू*

इलामको माङसेबुङ गाउँपालिका-१ गजुरमुखीका किसान रामभक्त निरौलाले यसवर्ष १०० केजी बीउ बेसार रोप्नुभएको छ । केही वर्षअघिसम्म घरायसी मसलाको रुपमा मात्र प्रयोग गर्न बेसार रोप्दै आउनुभएका निरौलाले करिब तीन रोपनी खेतीयोग्य जमिनमा बेसारखेती गर्नुभएको हो ।

स्थानीय 'गजुरमुखी महिला बहुउद्दश्यीय सहकारी संस्था'ले बेसारको बीउ निःशुल्क उपलब्ध गराउने र उत्पादन समेत सहकारी संस्थाले नै खरिद गर्न थालेपछि निरौलाले व्यावसायिक बेसार खेती सुरु गर्नुभएको हो । "बेसार खेती सुरु गर्न सहकारी संस्थाले सुरुमा बीउ दिने र उत्पादन पनि उसैले खरिद गर्ने भएपछि व्यावसायिक बेसार खेती सुरु गरेको हुँ," उहाँले भन्नुभयो, "यसलाई आगामी वर्ष अझ विस्तार गरेर लैजाने योजना बनाएको छु ।" माङसेबुङ-१ की अर्की किसान अन्जु लिम्बूले पनि यस वर्ष ९५ केजी बीउ बेसार रोप्नुभएको छ। थोरै जग्गामा बेसार खेती गरेर पनि राम्रो आम्दानी हुन थालेपछि बेसार खेती विस्तार गर्नुभएको उहाँले बताउनुभयो । "गजुरमुखी महिला बहुउद्दश्यीय सहकारी संस्थाबाट अर्को साल 'आधा परिमाण फिर्ता गर्नेगरी' बेसारको बीउ पाएपछि खेती विस्तार गरेकी हुँ," सहकारी संस्थाकी सदस्य समेत रहनुभएकी लिम्बूले भन्नुभयो, "यसवर्ष मैले सहकारी संस्थाबाट ९५ केजी बीउ पाएँ। उत्पादन भएपछि अर्को साल ४२.५ केजी बेसार सहकारी संस्थालाई फिर्ता गर्नेछु ।"

निरौला र लिम्बू मात्र होइनन्, गजुरमुखीका ७२ जना किसान व्यावसायिक बेसार खेतीमा लाग्नुभएको छ । किसानहरुले आफ्नो खेतीयोग्य जग्गामा बेसार खेती सुरु गर्नुभएको छ। सहकारी संस्थाले बेसारको बीउ निःशुल्क उपलब्ध गराउने र उत्पादन समेत खरिद गर्ने भएपछि यहाँका किसानहरु व्यावसायिक बेसार खेतीमा लाग्नभएको हो । किसानहरुमा आयआर्जनमा वृद्धि गर्न र स्वरोजगार सिर्जना गर्न सहकारी संस्थाले बेसार खेतीमा सहयोग गर्दै आएको सहकारी संस्थाकी अध्यक्ष डिकमाया लुहागुनले बताउनुभयो। चार वर्ष अघिसम्म छिटफुट रुपमा बेसार खेती गर्दै आउनुभएका नाङरुङका सिङ्गो गाउँका किसानहरु अहिले व्यावसायिक बेसार खेतीमा लाग्नुभएको हो । यहाँका ७२ किसानले करिब ५० रोपनी क्षेत्रमा बेसार खेती लगाउनुभएको अध्यक्ष लुहागुनले बताउनुभयो। बीउ र उत्पादन दुवैमा सहकारी संस्थाको सहयोग भएपछि यहाँका किसानहरु व्यावसायिक बेसार खेतीमा आकर्षित भएको उहाँले बताउनुभयो ।

"हामीले तीन वर्षदेखि यहाँका प्रत्येक किसानलाई बीउको आधा परिमाण उत्पादन फिर्ता गर्ने शर्तमा बेसारको बीउ वितरण गर्दै आएका छौं। यस वर्ष मात्र ३१ क्विन्टल बेसारको बीउ वितरण गरेका छौं," अध्यक्ष लुहागुनले भन्नुभयो, "यसवर्ष ४० केजी बीउ लगेका किसानले अर्को साल उत्पादन भएपछि २० केजी सहकारी संस्थालाई फिर्ता गर्नुहुन्छ। त्यही बेसार पुनः अर्को किसानलाई दिनेछौं ।"

उहाँले सहकारी संस्थाबाट एक किसानले पाँच मनसम्म बीउ लगेको बताउनुभयो। उहाँका अनुसार किसानले उत्पादन गरेको बेसार बेच्नका लागि किसानले कुनै चिन्ता लिनु पर्दैन। उत्पादित सबै बेसार सहकारी संस्थाले नै खरिद गर्ने गरेको छ। "किसानले उत्पादन गरेको बेसार बिक्दैन कि भनेर चिन्ता लिन पनि पर्दैन," अध्यक्ष लुहागुनले भन्नुभयो । उत्पादन गुणस्तरका आधारमा सहकारी संस्थाले नै प्रतिमन रु १५ सयदेखि दुई हजारसम्ममा खरिद गर्दै आएको छ।

किसानले उत्पादन गरको बेसार बिक्रिका लागि बजारको समस्या नभएका कारण पनि किसानको बेसार खेतीमा आकर्षण बढेको हो। सहकारी संस्थाका सदस्यहरुको आम्दानीको स्रोत बढाउन सुरु गरिएको 'बेसार खेती प्रवर्द्धन' कार्यक्रमबाट किसानहरुमा आत्मनिर्भर बन्न सहयोग मिलेको किसान पविमाया मगरले बताउनुभयो । कम लगानीमा बढी उत्पादन हुने भएका कारण पनि किसाहरु बेसार खेतीप्रति आकर्षित भएको उहाँको भनाइ छ। सामान्यतया बीउको पाँच गुणा उत्पादन हुने गरेको उहाँको अनुभव छ । सामान्यतया एक मन बीउ रोप्दा पाँच मनसम्म उत्पादन हुने गर्दछ।

इलाममा एक सय २३ हेक्टर क्षेत्रमा बेसार खेती हुने गरेको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । बेसार खेती पनि नगदे बाली भएको र तत्कालै नबिग्रिने भएकाले किसानको आकर्षण बेसार खेतिप्रति बढेको कृषि ज्ञान केन्द्रका प्रमुख रविकिरण अधिकारीको भनाइ छ।

बेसार प्रवर्द्धनमा वडा कार्यालयको योगदान

बेसारखेतीका लागि माङसेबुङ गाउँ पालिका-१ नं. वडा कार्यालयको आर्थिक र प्राविधिक सहयोग रहदैं आएको छ। माङसेबुङ-१ नं. वडा अध्यक्ष भूपाल योङहाङले सहकारी संस्थामार्फत बेसार खेतीको व्यावसायीकरणमा वडा कार्यालयको तर्फबाट प्रोत्साहन गर्दै आएको बताउनुभयो । वडाध्यक्ष योङहाङका अनुसार वडा कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा गजुरमुखी महिला बहुउद्देश्यीय सहकारी संस्थामार्फत साझेदारी मोडेलमा २८ जना किसानलाई अनुदानमा रु ७५ हजारको १५ क्विन्टल बेसारको बीउ उपलब्ध गराएको थियो । आव २०८१/८२ मा पनि रु ७५ हजारको १५ क्विन्टल बेसारको बीउ उपलब्ध गराएको वडा कार्यालयले आव २०८२/८३ मा भने रु एक लाखको २० क्विन्टल बेसारको बीउ उपलब्ध गराएको छ।

सुरुमा २८ जना किसानलाई दिइएको बीउबाट उत्पादन भएको बेसार क्रमशः अन्य किसानलाई समेत उपलब्ध गराएर ७२ जना किसानमा व्यावसायिक बेसार खेती विस्तार गरिएको वडाअध्यक्ष योङहाङले बताउनुभयो । "महिला सहकारी संस्थामार्फत सुरु भएको बेसार खेती प्रवर्द्धनका लागि वडा कार्यालयको तर्फबाट सक्नेजति सहयोग गर्दै आएका छौं," उहाँले भन्नुभयो, "यसको व्यावसायीकरण तथा बजारीकरणका माध्यमले रोजगारी सिर्जना गर्ने हाम्रो लक्ष हो ।" वडाबाट सहयोग पाइने भएकाले पनि यहाँका किसानहरु व्यावसायिक बेसार खेतीमा लागेका हुन् । वडा कार्यालयले तीन वर्ष पहिले उद्यमशीलता तथा बेसार खेती अभिमुखीकरण तालिम दिएर किसानलाई बेसारको बीउ वितरण गरेको थियो। वडा कार्यालयबाट प्राप्त निरन्तर प्रोत्साहनले बेसार खेती प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको सहकारी संस्थाकी अध्यक्ष लुहागुनले बताउनुभयो।

गाउँपालिकाको सहयोगमा प्रशोधन केन्द्र

यहाँका किसानले सुरु गरेको बेसार खेतीलाई व्यावसायिकतासँगै बजारीकरणका लागि 'माङसेबुङको बेसार' नामक आफ्नै 'ब्राण्ड'सिहत माङसेबुङ गाउँपालिकाको सहयोगमा बेसार प्रशोधन केन्द्र स्थापना भएको छ । आव २०८२/८३ मा 'बेसार प्रवर्द्धन कार्यक्रम' अन्तर्गत माङसेबुङ गाउँपालिकाको रु छ लाख ७५ हजार (७० प्रतिशत) र सहकारी संस्थाको रु दुई लाख ८९ हजार (३० प्रतिशत) लागत साझेदारी गरी नौ लाख ६४ हजारको लागतमा प्रशोधन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको सहकारी संस्थाकी अध्यक्ष लुहागुनले जानकारी दिनुभयो। प्रशोधन केन्द्रमार्फत अब यहाँका किसानले उत्पादन गरेको बेसार सफाइ, सुकाइ, पिसाइ तथा प्याकेजिङ गरी बजार पठाउन थालेको छ। सहकारी संस्थाले प्रशोधन केन्द्र स्थापना गरेपछि पहिलो पटक यस वर्ष १० क्विन्टल बेसार प्रशोधन गरी पाउडर बेसार उत्पादन र प्याकेजिङ गरेको थियो । सो पाउडर बेसार 'माङसेबुङको बेसार' प्रतिजेजी रु ९०० मा स्थानीय बजारमा पठाएको अध्यक्ष लुहागुनले बताउनुभयो । पाउडर बेसार बजारीकरणका लागि सबै पक्षको सहकार्य आवश्यकता रहेको उहाँले बताउनुभयो ।

पहिचानसँग जोडेर 'ब्राण्डिङ'

माङसेबुङ क्षेत्रमा उत्पादन भएको बेसार गुणस्तरीय तथा अर्गानिक भएकाले त्यसलाई स्थानीय पहिचानसँग जोडेर 'माङसेबुङको बेसार' ब्राण्डिङ गरिएको गाउँपालिका अध्यक्ष हेमन्त राईले बताउनुभयो। कृषिलाई व्यावसायिक र आयमुखी बनाउन गाउँपालिकाले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रम तर्जुमा गर्ने गरिएको उल्लेख गर्दै अध्यक्ष राईले आगामी दिनमा समेत कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर अघि बढ्ने बताउनुभयो।

उहाँले बेसारको ब्राण्डिङ भएपछि स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसम्म पुऱ्याउन सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो । "अब किसानले उत्पादन मात्र होइन, आफ्नै ब्राण्डमा बजार पाउने अवस्था बनेको छ,' अध्यक्ष राईले, 'यसले माङसेबुङको उत्पादनलाई राष्ट्रिय बजारसम्म पुऱ्याउन सहयोग मिल्ने विश्वास लिएका छौं ।" नेपालमा सदियौंदेखि ऋषिमुनिहरुले यसको प्रयोग एक औषधिका रुपमा गर्दै आएको र आयुर्वेदमा यसको गुणहरुको पर्याप्त बयान पाइन्छ। यसको उत्पति दक्षिण पूर्वी एसियाका देशहरुबाट भएको पाइन्छ। बेसारको गानोमा सरदर १ दशमलव ८ देखि ५ दशमलव ४५ करकुमिन पाइन्छ । बेसारलाई पछिल्लो सयम मुख्यगरी मसलाको रुपमा प्रयोग गर्ने गरिन्छ । यसले खानेकुरालाई आकर्षक रङ दिनुका साथै सुगन्धित बनाउने काम गर्छ । बेसारलाई औषधिको रुपमा समेत परापूर्वकालदेखि प्रयोग गरेको पाइन्छ । बेसारमा ब्याक्टेरिया र ढुसीजन्य रुझगसँग लड्नसक्ने प्रतिरोधात्मक क्षमता हुने भएकाले यसलाई दमका रोगी, कमलपित्तका बिरामी, छालाका रोगीहरुले बढी प्रयोग गरेको पाइन्छ । बेसारको प्रयोग खाद्य पदार्थमा मिलाउन, श्रृङ्गारका सामग्रीमा, विभिन्न खाद्य उद्योगहरुमा, प्राकृतिक रङको रुपमा एवम् समाजमा हुने विभिन्न धार्मिक कार्यमा प्रयोग हुँदै आएको पाइन्छ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# प्रधानमन्त्री- विश्वविद्यालयका नवनियुक्त उपकुलपति छलफल, गुणस्तरीय शिक्षाका पक्षमा साझा प्रतिबद्धता

काठमाडौं । विभिन्न विश्वविद्यालयका नवनियुक्त उपकुलपतिहरूले प्राज्ञिक थलोलाई दलीय राजनीतिमुक्त बनाउने र सुशासन कायम गर्ने सवालमा साझा प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको उपस्थितिमा मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा 'नेपालको उच्च शिक्षा क्षेत्रको वर्तमान अवस्था, चुनौती र सुधारका विषय' मा भएको छलफल तथा संवाद कार्यक्रममा उहाँहरूले यसकिसिमको साझा प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

नवनियुक्त उपकुलपतिहरूले विश्वविद्यालयहरूमा प्राज्ञिक वातावरण बिग्रन नदिन विद्यार्थी युनियनलगायत राजनीतिक गतिविधि गर्न नदिने दृढता व्यक्त गर्नुभयो । उहाँहरूले विश्वविद्यालय अन्तर्गतका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूलाई दलीय राजनीतिबाट अलग राखी अनुशासनलाई प्राथमिकता दिँदै विशुद्ध रचनात्मक, तथा प्राज्ञिक कार्यमा मात्र केन्द्रित गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। यसैगरी, उपकुलपतिहरूले स्पष्ट कार्ययोजनासहित प्रशासनिक, आर्थिक तथा प्राज्ञिक क्षेत्रमा व्यापक सुधार गर्ने, सुशासनलाई जोड दिई वित्तीय अनुशासन कायम गरेर बेरुजु फछ्र्यौट गने र पारदर्शी एवं जवाफदेही ढङ्गबाट नेतृत्व प्रदान गरी विश्वविद्यालयको गुणात्मक सुधार गर्ने अठोट गर्नुभयो । छलफलका क्रममा उहाँहरूले उच्च शिक्षाको पहुँचलाई थप समतामूलक बनाउन जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीका लागि कम्तीमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य रूपमा उपलब्ध गराउने वर्तमान सरकारको नीति तथा कार्यक्रम लागू गरिने बताउनुभयो । शैक्षिक कार्यक्रमलाई नियमित र सुनिश्चित बनाउने उद्देश्यले तयार गरिएको राष्ट्रिय शैक्षिक 'क्यालेन्डर' का आधारमा आआफ्नो विश्वविद्यालय अनुकूलको शैक्षिक 'क्यालेन्डर' लागू गर्ने, स्पष्ट कार्ययोजनासहित विद्यार्थी भर्ना, पठनपाठन, परीक्षा सञ्चालन निर्धारित समयमै गर्ने र परीक्षा सम्पन्न भएको बढीमा एक महिनाभित्रै परीक्षाफल प्रकाशन गर्ने प्रतिबद्धता उहाँहरूले व्यक्त गर्नुभयो ।

सो अवसरमा उपकुलपतिहरूले देशका विश्वविद्यालयहरूले हाल भोगिरहेका गम्भीर र साझा समस्याहरूका बारेमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो। यसैगरी, स्वीकृत दरबन्दीअनुसार आवश्यक जनशक्तिको अभाव हुनु, विश्वविद्यालयहरूको स्वामित्वमा रहेका अर्बौं मूल्यका जग्गाहरू अतिक्रमणको चपेटामा पर्नु र ती सम्पत्तिहरूको उचित व्यवस्थापन र संरक्षण हुन नसक्नु मुख्य साझा चुनौतीहरू रहेको जानकारी दिनुभयो । यसका साथै विश्वविद्यालयहरूबीच आवश्यक प्राज्ञिक एवं प्रशासनिक समन्वय नहुँदा समग्र प्रणाली 'डिजिटलाइजेसन' हुन नसकेको, आधुनिक अनुसन्धान, प्रविधिमैत्री कक्षाकोठा, 'डिजिटल' शिक्षण-सिकाइ पद्धति र नवप्रवर्तन ९इनोभेसन० को संस्कृति विकास हुन नसकेको विषयलाई समेत उपकुलपतिहरूले साझा समस्याका रूपमा प्रस्तुत गर्नुभयो । विश्वविद्यालयका कुलपति समेत रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहले उप कुलपतिहरूको प्रस्तुतिपछि प्राज्ञिक सुधार, आर्थिक अनुशासन, शैक्षिक वातावरण र सुशासन स्थापनाका लागि केन्द्रित हुन निर्देशन दिनुभएको थियो । उहाँले सङ्घीय राजधानी काठमाडौंमा मात्र केन्द्रित हुँदै आएको विश्वविद्यालयहरूको दीक्षान्त समारोह ९कन्भोकेसन०लाई अबदेखि सङ्घीयताको मर्मअनुरूप विकेन्द्रीकृत गर्दै सातै प्रदेशमा आयोजना गर्न विशेष तयारी थाल्न निर्देशन दिनुभयो । यसले हजारौं विद्यार्थी र अभिभावक हरूलाई स्थानीयस्तरमै सहजता प्रदान गर्नेछ । प्रधानमन्त्री शाहले विश्व विद्यालयहरूमा वर्षौंदेखि थुप्रिएको बेरुजुको हिस्सालाई तत्काल घटाउँदै आर्थिक अनुशासन कायम गर्न, अनधिकृतरूपमा प्रयोग वा अतिक्रमण भइरहेका जग्गा र सरकारी रकम तत्काल फिर्ता ल्याई व्यवस्थापन गर्न, क्याम्पसमा सरसफाइ कायम राख्न र विश्वविद्यालय का अतिक्रमित सम्पत्तिहरूको संरक्षणमा निर्मम बन्न निर्देशन दिनुभयो। निर्देशनप्रति ऐक्यबद्धता जनाउँदै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्व विद्यालयका उप कुलपतिहरूलाई उच्च शिक्षाको गुणस्तर सुधारका लागि आगामी सात दिनभित्र स्पष्ट कार्ययोजना पेस गर्न निर्देशन दिनुभयो।

सहकार्यको खाँचो औंल्याउँदै मन्त्री पोखरेलले भन्नुभयो, "सबै उपकुलपतिहरूले आआफ्नो विश्वविद्यालय को नेतृत्व गर्नुका साथै समग्र नेपालको उच्च शिक्षा सुधारका लागि 'एउटै टिम' का रूपमा सहकार्य गर्न आवश्यक छ।"

# राष्ट्रपतिबाट बजेटसम्बन्धी तीन विधेयक प्रमाणीकरण

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले बजेटसम्बन्धी तीन विधेयक प्रमाणीकरण गर्नुभएको छ । उहाँले मंगलबार सङ्घीय संसद्बाट पारित आर्थिक वर्ष २०८३/८४ को बजेटसँग सम्बन्धित तीन विधेयक प्रमाणीकरण गर्नुभएको हो ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम विनियोजन विधेयक, २०८३, राष्ट्र ऋण उठाउने विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ प्रमाणीकरण गर्नुभएको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। विधेयक प्रमाणीकरण भएसँगै सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजित बजेट कार्यान्वयन गर्ने संवैधानिक तथा कानुनी बाटो खुलेको छ।

# रासायनिक मलको आपूर्ति सहज बनाउन सांसदको माग

काठमाडौं । प्रतिनिधिसभाका सांसदहरुले मुलुकका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा सांसदहरुले समयमै रासायनिक मल उपलब्ध गराउनुपर्ने, सुकुमवासीका समस्या समाधान गर्नुपर्ने, विपत्को पूर्व तयारीलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको हो । बैठकमा सांसद सन्दीप रानाले भन्नुभयो, "मल नपाएर हाहाकार भएको छ, रेबीज र क्यान्सरका बिरामी उपचार नपाएर अलपत्र छन्, बालबालिका कुपोषणका शिकार भएका छन्, युवाहरु विदेश पलायन भएका छन् । यसमा सरकारको ध्यान जाओस् ।"

सांसद अर्जुनकुमार कार्कीले लोकतन्त्रका लागि लडेका प्रतिपक्ष र सत्तापक्ष दुवैले कानुन र विधिलाई आत्मसाथ गर्नुपर्ने बताउनुभयो ।

सांसद गोपाल शर्माले सरकारले जनअपेक्षा अनुसार काम गर्न नसकेको टिप्पणी गर्नुभयो । सांसद आरेन राइले सरकारले सुकुमवासी समस्या दिर्घकालीन रुपमा समाधान गर्नुपर्ने माग गर्नुभयो ।

सांसद खुश्बु ओलीले कीर्तिपुरको जलन अस्पताललाई व्यवस्थित र सुविधा सम्पन्न बनाउनुपर्ने बताउनुभयो । सांसद राजकिशोर महतोले मुलुकलाई आत्मनिर्भर बनाउन हर्बल सामाग्रीको बजारीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद रिना उप्रेतीले सोमबार सञ्चार गृहका प्रवेशद्वार अगाडी गाडी पार्किङ गरिएको घटनाको निष्पक्ष रुपमा छानबीन गर्न सरकार समक्ष माग गर्नुभयो । सांसद विष्णुमाया विकले सरकार जनताप्रति जवाफदेही हुनुपर्ने बताउनुभयो । सांसद गणेशबहादुर विश्वकर्माले सरकारले सय दिनको अवधिमा गरेका काम उल्लेखनीय भए पनि अझै जनअपेक्षा अनुसार काम गर्न बाँकी रहेको बताउनुभयो । सांसद पुकार बमले बुढानिलकण्ठ क्षेत्र पहिरोको जोखिममा रहेको उल्लेख गर्दै दीर्घकालीन सुरक्षाको नीति अपनाउन सरकारसँग आग्रह गर्नुभयो। सांसद एसुदाकुमारी बरालले पछिल्ला दिनमा देशका विभिन्न स्थानमा बाढी/पहिरोबाट जनधनको क्षति भएकाले प्रभावितको उद्धारका साथै राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कृष्णहरि बुढाथोकीले भन्नुभयो, "कुन कुन सडक सञ्चालनमा छन्, कुन सडकमा पहिरो गएको छ, कुन ठाउँमा पुल र सडकखण्ड असुरक्षित छ, कुन मार्गमा सवारीसाधन सञ्चालन गर्न उपयुक्त छ, त्यसबारे सरकारले समयमै जानकारी दिने व्यवस्था मिलाउनुपर्छ ।"

सांसद खगेन्द्र सुनारले जातीय विभेद र हिंसाका घटनाबारे सरकारको ध्यान जाओस् भन्नुभयो । सांसदहरु लिमा अधिकारी आचार्य, गणेश कार्की, समीक्षा बाँस्कोटा, गणेश पौड्याल र बशुमाया तामाङ, झविलाल डुम्रे, श्रीधर पोखरेल, सुशान्त वैदिक, हरिप्रसाद भुषाल, जनकसिंह धामी, यज्ञमणि न्यौपानेलगायतले मुलुकका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

# साझेदारी वन, विवाद र उजुरीका अखडा बन्दै

घोडाघोडी । कैलालीका बाह्रवन, भारताल र गौरीगङ्गा साझेदारी वन विवाद र उजुरीका अखडा बन्दै गएको छ । आखिर किन !

वन ऐनको दफा २३ र नियमावली २०७९ को नियम ६४ ले साझेदारी वनको सञ्चालन र लाभ बाँडफाँडको स्पष्ट खाका कोरेको छ ।

नियमानुसार वनबाट प्राप्त हुने वन पैदावारको ७० प्रतिशत हिस्सा स्थानीय उपभोक्ता समूहले पाउँछन् । वन पैदावार बिक्रीबाट प्राप्त आम्दानीलाइ समूहको वार्षिक साधारणसभाबाट वार्षिक क्रियाकलापसहितको बजेट बनाइ वन संरक्षण तथा व्यवस्थापन, विपन्न मुखी जीविकोपार्जन, महिला सशक्तीकरण, उद्यम विकास र अन्य सामूहिक हितका लागि खर्च गर्नुपर्छ । बाँकी ३० प्रतिशत वन पैदावार र सो को बिक्रीबाट प्राप्त हुने आम्दानी डिभिजन वन कार्यालयमार्फत प्रदेश सरकारको राजस्वमा जम्मा गर्नुपर्छ भन्ने ऐनमा उल्लेख छ ।

उक्त व्यवस्थाले वनको आम्दानी सिधैं समुदायको विकास र सरकारको राजस्वमा टेवा पुऱ्याउने लक्ष्य राखे पनि कैलालीका साझेदारी वनमा समूह सदस्यको आन्तरिक विवाद, उजुरीको बाढी र नियामक निकायको अपरिपक्व निर्णयका कारण लक्ष्य अनुसारको काम हुन नसक्दा न अपेक्षित राजस्व सङ्कलन हुन सकेको छ, न त समुदायले लाभ नै पाएका छन् ।

विसं २०७९ मा स्थापना भएको गौरीगङ्गा साझेदारी वनमा वन पैदावार सङ्कलनबाहेक सबै काम ठप्प छ । समूहका कूल ५० सदस्यमध्ये ३१ जनाले आकस्मिक साधारणसभा बोलाउन आग्रह गरेका छन् ।

समुदायले नै वन निर्देशनालय र डिभिजन वन कार्यालयमा उजुरी दर्ता गरेपछि सत्यतथ्य छानबिन पूरा नहुँदासम्म वन संरक्षणबाहेक कुनै पनि कार्य नगर्न भन्दै समूहको खाता रोक्का राख्ने निर्देशन दिएको छ । कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन, बिक्री वितरण हुन नसकेको गौरीगङ्गा साझेदारी वनका अध्यक्ष बलबहादुर महता बताउनुहुन्छ । भारताल साझेदारी वनको अवस्था उदेकलाग्दो छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज भएपछि यो वन लामो समयदेखि दिशाहीन छ ।

कार्ययोजनाअनुसार ढलापडा र सुखडखडा ३७ हजार क्युबिक फिट काठको छपान मूल्याङ्कन गरी सूचना प्रकाशित भएको भारताल साझेदारी वन व्यवस्थापन समितिका अध्यक्ष यादव भण्डारीले जानकारी दिनुभयो ।

ढलापडाबाट सङ्कलन गरिएको असना जातको झण्डै १० हजार क्युबिक. फिट काठ पटकपटक लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा पनि कोही कसैले खरिद गरेका छैनन् ।

बाह्रवनले ढलेका तथा क्षति पुगेका ३० हजार क्युबिक फिट काठ सङ्कलन गरेको छ । कार्ययोजनामा उल्लेख गरिएको परिमाणभन्दा बढी काठ सङ्कलन गरेको भन्दै प्रदेश सभाको अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिमा उजुरी परको अध्यक्ष वीरबहादुर चोखालले बताउनुभयो ।

संसदीय समितिको अनुगमन

बाह्रवन साझेदारी वनमा भएको कटानबारे उजुरी परेपछि सुदूरपश्चिम प्रदेश सभाको अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिले स्थलगत अनुगमन गरेको छ ।

समितिमा साझेदारीवनसम्बन्धी उजुरी परेपछि खगराज भट्टको संयोजकत्वमा छानबिन उपसमिति गठन गरी बाह्रवन, गौरीगङ्गा साझेदारी वनसँगै अन्य सामुदायिक वनको स्थलगत अध्ययन गरिएको हो ।

"हामीले वनका कर्मचारी, उपभोक्ता समिति, स्थानीय सरोकारवाला सबैसँग छलफल गरेका छौं, संयोजक भट्टले भन्नुभयो, "फोटो, भिडियो र अन्य प्रमाण सङ्कलन गरेर कानुनी प्रक्रिया र व्यवहारबीच कति मेल छ भन्ने अध्ययन गरिरहेका छौं ।"

उहाँका अनुसार प्राविधिक रूपमा परिपक्व रुख काट्ने व्यवस्था कानुनमै भए पनि त्यसको कार्यान्वयन मापदण्डअनुसार भएको छ वा छैन भन्ने विषयमा समितिले अध्ययन गरिरहेको छ । खयरमा रोग लागेको भन्दै गरिएको कटानी, विपद्का कारण ढलेका रुखको व्यवस्थापन तथा वन व्यवस्थापनका अन्य विषयसमेत प्रतिवेदनमा समेटिने उहाँले जानकारी दिनुभयो ।

सभापति भट्टले प्रारम्भिक अध्ययनलाई अन्तिम निष्कर्षका रूपमा नलिइने उल्लेख गर्दै सबै प्रमाण, सरोकारवालाको भनाइ र कानुनी आधारको विश्लेषणपछि निष्पक्ष प्रतिवेदन प्रदेशसभामा पेस गरिने बताउनुभयो । डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ डिभिजनल वन अधिकृत डा रामबिचारी ठाकुरले वन नियमावली, २०७९ को नियम १७ बमोजिम प्राकृतिक विपद्का कारण ढलेका तथा क्षति पुगेका रुखको व्यवस्थापनका लागि आवश्यक प्राविधिक मूल्याङ्कन र कानुनी प्रक्रिया पूरा गरेर कटान तथा सङ्कलनको अनुमति दिइएको बताउनुभयो । सुदूरपश्चिम प्रदेश वन निर्देशनालयका निर्देशक हेमराज विष्टले बाह्रवन साझेदारी वनमा गरिएको कटान कानुनी प्रक्रिया पूरा गरेर अघि बढाइएको नियमित वन व्यवस्थापनको काम भएको बताउनुभयो । साझेदारी वनको मूल उद्देश्य वन संरक्षणसँगै स्थानीय समुदायलाई वन पैदावार, रोजगारी र आर्थिक लाभ उपलब्ध गराउनु भए पनि कैलालीका तीनवटै साझेदारी वनमा देखिएका विवाद, उजुरी र प्रक्रियागत जटिलताले यसको प्रभावकारी कार्यान्वयन माथि प्रश्न उठाएको छ ।

# नारायणगढ-मुग्लिन सडक दुईतर्फी सञ्चालनमा

चितवन । नारायणगढ-मुग्लिन सडकको १५ ठाउँमा खसेको पहिरो हटाएपछि यातायात सञ्चालन भएका छन् ।

सोमबार दिउँसोबाट सुरु भएको वर्षात्का कारण साँझ ७:०० बजेबाट खस्न थालेको पहिरो बिहानसम्म जारी थियो । ती सबै स्थानमा खसेको पहिरो बिहान हटाइएपछि दुईतर्फी सवारी सञ्चालनमा आएको डिभिजन सडक कार्यालय भरतपुरका इन्जिनियर अर्जुन घिमिरे जानकारी दिनुभयो । सडकमा खसेको पहिरो पन्छाउन राति नै दुईवटा लोडरसहितका उपकरण प्रयोग गरिएको थियो ।

इन्जिनियर अर्जुन घिमिरेका अनुसार सो सडकखण्डको भतेरी, खोरखोला, १५ किलो, ११ किलो, १६ किलो, १९ किलो, सेतीदोभानका दुई ठाउँ, घुमाउने, सिमलतालका दुई ठाउँ, २५ किलो, जलबिरे, नाम्सी खोला र तुइन खोलामा पहिरोबाट सडक अवरुद्ध भएको थियो । त्यसमध्ये सेतीदोभान पूर्ण रूपमा सडक दुईतर्फी तथा अन्य ठाउँमा एकतर्फी अवरुद्ध थियो । राति १:०० बजेसम्ममा गाडी सञ्चालन गर्न सक्नेगरी पहिरो हटाइए पनि केही ठाउँमा पहिरो खसेको र खस्ने जोखिम भएकाले बिहानसम्म पर्खनुपरेको थियो । सो सडकखण्डमा जुनसुकै बेला पहिरो खस्न सक्ने भएकाले रातिको समयमा सकेसम्म यात्रा नगर्न स्थानीय प्रशासनले आग्रह गरेको छ ।

# सम्पत्ति जाँचबुझ आयोगका पदाधिकारीविरुद्ध अवलेहना

काठमाडौं । सम्पत्ति जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यहरूले सर्वोच्च अदालतको अन्तरिम आदेश उल्लङ्घन गरेको उल्लेख गर्दै अदालतको अवहेलना निवेदन दर्ता भएको छ ।

अधिवक्ता डा प्रेमराज सिलवालले यही असार २६ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले गरेको आदेशको पूरै प्रतिकूल हुनेगरी सम्पत्ति छानबिन आयोगले यही असार २९ गते प्रकाशित गरेको सूचनालाई लिएर अदालतको अवहेलना निवेदन दर्ता गराउनुभएको हो । उक्त निवेदनमा यही असार ३२ गते सुनुवाइ हुनेछ । निवेदनमा उक्त आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारी र सदस्यहरू पुरुषोत्तम पराजुली, चण्डीराज ढकाल, गणेश केसी, प्रकाश लम्साल र आयोगलाई समेत अवहेलनामा कानुनी कारवाही गर्न सम्पत्ति आयोगविरुद्ध दुईवटा रिट निवेदन परेको हो । निवेदनमा सबैका हकमा अन्तरिम आदेश जारी भएकामा जाँचबुझ आयोगका पदाधिकारीहरूले न्यायाधीश र सैनिक अधिकारीहरूको हकमा मात्रै लागू हुनेगरी सूचना निकालेको भनी अवहेलनाको निवेदन पेस गरेको उल्लेख छ। अदालतको आदेशमा भनिएको थियो, "प्रस्तुत रिट निवदेनको पूर्ण इजलासबाट अन्तिम टुङ्गो नलागदासम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्नु, पेस हुन आएको सम्पत्ति विवरण उपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नु र कसैउपर पनि कुनै पनि किसिमको कानुनी कारबाहीका लागि सिफारिस नगर्नु नगराउनु ।"

## विपद् पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन सरोकारवालासँग छलफल

काठमाडौं । विपद्को समयमा नागरिक सम्म पूर्वसूचना छिटो, भरपर्दो र प्रभावकारी ढङ्गले पुऱ्याउने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालयले विभिन्न सरोकारवाला निकायसँग विपद् आपतकालीन पूर्वसूचना तथा प्रारम्भिक चेतावनी प्रणालीको प्रभावकारिताबारे छलफल गरेको छ ।

मन्त्रालयमा मंगलबार आयोजित छलफलमा विपद्को पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन 'सेल ब्रोडकास्ट' जस्ता आधुनिक प्रविधिको कार्यान्वयन, नवीनतम प्रविधि, बजेट, जनशक्ति, कानुनी व्यवस्था तथा संस्थागत समन्वयका विषयमा विस्तृत विमर्श भएको हो ।

छलफलमा सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिनाले हाल सञ्चालनमा रहेको विपद् पूर्वसूचना प्रणालीको अवस्थाबारे जानकारी लिनुहुँदै अहिलेको प्रणालीलाई अझ प्रभावकारी बनाउन दूरसञ्चार सेवा प्रदायक कम्पनीलाई आवश्यक निर्देशन दिनुभयो । उहाँले विपद्को समयमा नागरिकको जीवनरक्षा सबैभन्दा महत्वपूर्ण भएकाले पूर्वसूचना प्रणालीलाई विश्वसनीय, द्रुत र प्रविधिमैत्री बनाउनु सरकारको प्राथमिकतामा रहेको बताउनुभयो ।

छलफलमा सुरक्षा निकायहरु नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र, नेपाल टेलिकम, एनसेल तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

विपद्को समयमा कुनै निश्चित क्षेत्रमा रहेका सबै नागरिकसम्म एकैपटक सूचना पुऱ्याउन 'सेल ब्रोडकास्ट' प्रणाली उपयुक्त हुन सक्ने भएकाले यसलाई कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको विषय छलफलमा उठेको थियो । साथै यो प्रणाली कार्यान्वयन गर्न मोबाइल नम्बर वा सिमकार्डको विवरण आवश्यक नपर्ने तथा कुनै निश्चित भौगोलिक क्षेत्रमा सक्रिय रहेका सबै मोबाइल उपकरणमा एकैसाथ वास्तविक समयमा चेतावनी सन्देश पठाउन सकिने विशेषता रहने भएकाले यस्तो प्रविधि नेपालका लागि उपयुक्त हुने सुझाव छलफलका क्रममा आएका छन् ।

छलफलमा सहभागीहरूले अहिले जल तथा मौसम विज्ञान विभागले बाढी, पहिरो तथा भारी वर्षाका जोखिम भएका क्षेत्रमा एसएमएससमार्फत पूर्वसूचना पठाउँदै आएको जानकारी दिँदै भविष्यमा डढेलो, भूकम्प, हिमपहिरो, चट्याङ, औद्योगिक दुर्घटना तथा अन्य सबै प्रकारका विपद्का लागि समेत एउटै एकीकृत पूर्वसूचना प्रणाली आवश्यक रहेको औँल्याएका थिए । उक्त प्रणाली प्रभावकारी बनाउन विपद्सम्बन्धी सूचना समयमै सङ्कलन गर्ने, अद्यावधिक गर्ने, विश्लेषण गर्ने र सम्बन्धित निकायबीच तत्काल समन्वय गरी नागरिक सम्म सूचना पुर्याउने संयन्त्रलाई सुदृढ बनाउनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए । छलफलमा सुरक्षा निकायहरूले आफूहरूसँग तहगत रूपमा सञ्चालनमा रहेका सूचना प्रणालीलाई नागरिकसम्म पुग्ने सार्वजनिक सूचना प्रणालीसँग जोडेर अझ प्रभावकारी बनाउन सकिने सुझाव दिएका थिए । त्यस्तै, जल तथा मौसम विज्ञान विभागका प्रतिनिधिले विभागले प्रत्येक वर्ष करिब दुई करोड विपद्सम्बन्धी एसएमएस सूचना नागरिकसम्म पठाउने गरेको जानकारी गराउँदै हालको प्रणालीलाई थप आधुनिक बनाउनु आवश्यक रहेको धारणा राखेका थिए । बहुविपद् पूर्वसूचना प्रणाली तथा संयुक्त राष्ट्रसङ्घले अघि बढाएको 'अर्ली वार्निङ्स फर अल' मापदण्डलाई समेत नेपालमा उपयोग गर्न सकिने सुझाव आएका छन् । छलफलमा विपद् पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन जल तथा मौसम विज्ञान विभागले यसअघि तयार पारेको अध्ययन प्रतिवेदनमा समेटिएका सिफारिस कार्यान्वयन गर्ने विषयमा पनि छलफल भएको थियो । हाल परिमार्जनको क्रममा रहेको दूरसञ्चार ऐनमा ती सिफारिस समेटेर कानुनी तथा नीतिगत आधार तयार गर्न सकिने सुझाव पनि सहभागीबाट आएका थिए ।

यसैगरी 'सेल ब्रोडकास्ट' प्रणाली कार्यान्वयन का लागि कुन निकाय प्रमुख जिम्मेवार हुने, आवश्यक बजेटको स्रोत, संस्थागत संरचना, प्राविधिक पूर्वाधार, दक्ष जनशक्ति तथा सञ्चालन मोडालिटीका विषयमा थप अध्ययन गर्ने बारे पनि छलफल भएको छ ।

## उपराष्ट्रपति यादव कतार प्रस्थान

काठमाडौं । उपराष्ट्रपति रामसहायप्रसाद यादव मंगलबार अपराह्न कतार प्रस्थान गर्नुभएको छ ।

उपराष्ट्रपति यादव कतारका पूर्वअमिर शेखहमद बिन खलिफा अल थानीको निधनप्रति नेपाल सरकारका तर्फबाट शोक संवेदना व्यक्त गर्न कतारको तीनदिने औपचारिक भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्नुभएको हो ।

उपराष्ट्रपति यादवलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बिदाई गर्नुभएको थियो । सो अवसरमा परराष्ट्र सचिव अमृतबहादुर राईलगायत उच्च अधिकारी उपस्थित हुनुहुन्थ्यो ।

भ्रमणका क्रममा उपराष्ट्रपति यादवले असार ३१ गते कतारका अमिर शेख तमिम बिन हमद अल थानीलाई राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पठाइएको शोक सन्देश हस्तान्तरण गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

उपराष्ट्रपति यादवसँग नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरू पनि सहभागी हुनुहुन्छ । उहाँ यही असार ३२ गते स्वदेश फर्कनुहुनेछ ।

## निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय सर्वोच्चद्वारा खारेज

काठमाडौं । सर्वोच्च अदालतले निजी सञ्चारमाध्यमहरुलाई सरकारी विज्ञापन नदिने सरकारको परिपत्र खारेज हुने ठहर गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८२ चैत १८ गते सरकारले निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णयविरुद्ध परेको रिट निवेदन खारेज हुने फैसला गर्दै सरकारले जारी गरेको उक्त परिपत्र खारेज हुने ठहर गरेको छ । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार फैसलाको पूर्णपाठ भने आउन बाँकी छ । मिडिया सोसाइटीका अख्तियार प्राप्त निवेदक अधिवक्ता अनन्तराज लुइँटेलले सरकारले निजी सञ्चारमाध्यमलाई मात्र सरकारी विज्ञापन दिने निर्णय गैरकानुनी भएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

सरकारले सरकारी विज्ञापनहरु सरकारी सञ्चार माध्यमहरुबाट मात्रै प्रकाशित एवं प्रशारित गर्ने निर्णय गरी प्रधानमन्त्री कार्यालयबाट परिपत्र जारी गरेको थियो । अदालतले सो परिपत्र बदर हुने फैसला गरेको हो ।

## सवारी अवरोध गर्नेलाई कारबाही गरिने जानकारी

काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले केही सञ्चारगृहका प्रवेशद्वारमा अवरोध गर्ने गरी सोमबार सवारीसाधन राख्ने जोसुकै भए पनि कारबाही हुने बताउनुभएको छ ।

सोमबार केही सञ्चारगृह र नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको घर अगाडि प्रवेशद्वारलाई नै असर गर्ने गरी निजी नम्बर प्लेटका सवारीसाधन पार्किङ गरिएको भेटिएको थियो । ती सवारीसाधनलाई प्रहरीले हटाउनुका साथै जरिवाना गरेर छोडेको थियो ।

मंगलबार सिंहदरबारमा पत्रकारहरुले यसै विषयमा राखेको जिज्ञासामा सभापति लामिछानेले ती सवारीसाधन रास्वपाकै कार्यकर्ता या जसले राखेका भए पनि कारबाही हुने स्पष्ट गर्नुभएको हो ।

सभापति लामिछानेले सोमबारको घटनाका बारेमा पार्टीले नै विज्ञप्ति प्रकाशन गरेर रास्वपा सदैव प्रेस स्वतन्त्रताको पक्षमा रहेको र सवारी अवरोध उत्पन्न गर्नेमाथि कारबाही हुने जानकारी गराइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "यस घटनाका बारेमा सबैभन्दा पहिला रास्वपाले नै विज्ञप्ति निकालेर यसको विरोध गर्दै दोषीमाथि कारबाही गर्ने धारणा सार्वजनिक गरेको हो । रास्वपा त्यस्तो पार्टी हो जसले आफ्ना सांसदलाई ७२ घण्टाभित्रै कारबाही गरेको इतिहास पनि छ । त्यसैले यसमा जोसुकै एवं रास्वपाकै कार्यकर्ताको संलग्नता भए पनि कारबाही हुन्छ ।"

प्रधानमन्त्री वालेन्द्र शाह र आफूबीच हालै भएको भेटवार्ताका सम्बन्धमा राखिएको एक जिज्ञासामा सभापति लामिछानेले सो भेटमा सुकुमवासी समस्याको दिगो र छिटो समाधान, विकसित विविध परिस्थिति, राष्ट्रिय राजनीति र पार्टीका विविध विषयमा कुराकानी भएको बताउनुभयो ।

## मधेस प्रदेशसभा बैठकः प्रदेश विनियोजन विधेयकमाथि छलफल

जनकपुरधाम । मधेस प्रदेशसभामा मधेस प्रदेश सरकारको प्रदेश विनियोजन विधेयक २०८३ माथि छलफल सुरु भएको छ ।

मधेस प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट लगायतका विषयमा देखिएका समस्या समाधान गर्न प्रदेशसभाद्वारा गठित कार्यदलले दिएको १० बुँदे सुझावसहितको प्रतिवेदनलाई प्रदेश सरकारले विनियोजन विधेयकको अङ्का रुपमा स्वीकारेपछि प्रदेशसभामा विनियोजन विधेयकमाथि छलफल सुरु भएको हो ।

बजेट पूर्वाग्रही र त्रुटीपूर्ण रहेको भन्दै प्रतिपक्षी जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट संशोधन नभएसम्म प्रदेशसभा बैठक चल्न नदिने अडान राख्दै आएको थियो । यही असार २८ गते बसेको प्रदेशसभा बैठकबाट बजेटलगायतमा देखिएका समस्या समाधान गर्न गठित सात सदस्यीय कार्यदलले मंगलबारको प्रदेशसभा बैठकमा बजेटमा देखिएको कमीकमजोरी सच्याउन विभिन्न १० बुँदे सुझावसहितको प्रतिवेदन पेस गरेको थियो ।

बैठकमा प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले कार्यदलको प्रतिवेदनलाई सरकारले स्वीकार गरेको र यसलाई विनियोजन विधेयकको अङ्का रुपमा ग्रहण गरेको घोषणा गरेपछि प्रदेश विनियोजन विधेयकमाथिको छलफल सुरु भएको हो ।

मंगलबारको प्रदेशसभाको बैठकमा प्रदेशसभा सदस्यहरु राजेन्द्रप्रसाद चौधरी थारु, चन्दन सिंह, अनिताकुमारी साह, ललिता दास र सुरिताकुमारी साहले प्रदेश विनियोजन विधेयकका विषयमा आ-आफ्ना सुझावहरु राख्नुभयो । प्रदेशसभाको आज बिहान ८:०० बजे बस्ने बैठकमा प्रदेश विनियोजन विधेयकमाथि छलफल जारी रहने सभामुख रामअशिष यादवले बताउनुभयो । बैठकमा सिरहाको गोलबजार नगरपालिका मा खाल्डोमा डुबेर तीन बालबालिकाको मृत्यु भएको घटनाको विषयलाई प्रदेशसभा सदस्यहरुले उठाएको विषयमा सभामुख यादवले सरकारको ध्यानाकर्षण गराउनुभयो । बैठकमा प्रदेशसभा सदस्य प्रमोदकुमार यादवले प्रस्तुत गर्नुभएको प्रदेशसभा नियमावली २०८२ को नियम १४१ निलम्बन गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको सभामुख यादवले घोषणा गर्नुभयो । मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले असार १ गते प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ मा कृषि नवप्रवर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो ।

## बाढीपहिराले आठ राजमार्ग अवरुद्ध

काठमाडौं । मुलुकको विभिन्न स्थानमा अविरल वर्षासँगै बाढीपहिराका कारण आठवटा राजमार्ग अवरुद्ध भएका छन् । बाढीपहिरोले पूर्णरुपमा अवरुद्ध भएको हुलाकी राजमार्ग भने सञ्चालनमा आएको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार मंगलबार पर्साको ठोरी गाउँपालिका-२ हुलाकी राजमार्ग सडकखण्डमा पर्ने ढेडुखोला र अन्य खहरे खोलामा अविरल वर्षाको कारण आएको बाढीले सडक अवरुद्ध भएकोमा मंगलबार दिउँसोदेखि पूर्ण रुपमा सञ्चालनमा आएको छ । प्रहरी प्रधान कार्यलयले आज जारी गरेको विज्ञप्तिअनुसार काभ्रेपलाञ्चोक/ सिन्धुली खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी चल्ने सम्पूर्ण सवारी-साधनहरू (बिपी राजमार्ग) सञ्चालनमा पूर्णरूपमा रोक लगाइएको छ । सोमबार बिहान ललितपुरको बाग्मती गाउँपालिका-३ भट्टेडाँडास्थित पाङ्दुर, टाकुर्चे र भालु खोलासहित तीन ठाउँमा अविरल वर्षातको कारण कान्तिलोकपथ सडक खण्डमा पहिरो गई बाटो पूर्णरूपमा अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्ति अनुसार मेची राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको छ । यही असार २३ गते इलामको इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा वर्षाका कारण बाटो हिलो भई सवारीसाधन आवतजावत गर्न नसक्ने भएकाले उक्त सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको, (उक्त स्थानमा वैकल्पिक बाटो रहेको) छ ।

"ताडतिङ सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । यही असार २७ गते कास्कीको मादी गाउँपालिका-२ ज्याम्दोस्थित पोखरा ताडतिङ भित्री सडकखण्डमा बाटो मुनि लगाइएको तार जालिको ग्याबिन पर्खाल भत्किएर बाटो पूर्णरूपमा अवरुद्ध भएको हो", विज्ञप्तिमा भनिएको छ, "सालझन्डि ढोरपाटन सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ ।

आइतबार अर्घाखाँचीको पाणिनी-२ ढुङ्गेखोलास्थित सालझन्डि ढोरपाटन सडकखण्डमा बाटोको माथिबाट ढुङ्गा खसी बाटो पूर्णरूपमा अवरुद्ध भएको हो ।"

## समस्याग्रस्त सहकारीलाई पुनःसञ्चालनमा आउने वातावरण तयार गर्ने

पाटन । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले समस्याग्रस्त सहकारीलाई पुनःसञ्चालनमा आउने वातावरण तयार गरिने बताउनुभएको छ ।

बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय द्वारा मंगलबार पाटनमा आयोजित समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाका बचतकर्ताको बचत फिर्ता कार्यक्रममा उहाँले हालको समस्या समाधान भएपछि नयाँ समिति गठन गरी हस्तान्तरण गर्न सकिने बताउनुभएको हो ।

सहकारीमा बचत गरेका सबैको बचतको सुरक्षा गर्ने कार्यमा ध्यान दिइरहेको बताउँदै मुख्यमन्त्री बानियाँले भन्नुभयो,"अब समस्याग्रस्त घोषित सहकारीका सबैले पैसा पाउने अवस्था सिर्जना गर्छौं, ऋणीको समस्या सुल्झौं, ऋण तिर्ने वातावरण तयार हुनुपर्छ, यसका लागि राज्य कठोर हुन्छ ।" मुख्यमन्त्री बानियाँले भन्नुभयो, "मन र बचनले जनताको हितमा काम गर्ने हो, बेइमानी गर्ने सहकारी सञ्चालकलाई कानुन बमोजिम कारबाही हुन्छ, ऋण उठ्ने आधारमा प्रभावकारी कदम चालिन्छ, पैसा तिर्ने मनस्थिति बनाउने ऋणीहरूलाई सहयोग गर्न तत्पर छौं ।" त्यस अवसरमा उहाँले पाँच वटा समस्याग्रस्त सहकारीको १० हजारदेखि ५० हजारसम्म फिर्ता गरेर आशा जगाउने प्रयास गरेको बताउनुभयो । प्रदेशबाट हालसम्म सिभिल बचत तथा ऋण सहकारी संस्था सोल्टिमोड; दर्शन बचत तथा ऋण सहकारी संस्था कीर्तिपुर; सुमेरु बचत तथा ऋण सहकारी संस्था पुल्चोक; नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था सामाखुसी र लालीगुँरास बचत तथा ऋण सहकारी संस्था खुसीबुलाई समस्याग्रस्त घोषित गरिएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले साना बचतकर्ताको अधिकतम रु एक लाखसम्मको बचत रकम फिर्ताको सुरुवात गरेको हो । सुमेरु बचत तथा ऋण सहकारी संस्था पुल्चोकका बचतकर्ता तीर्थमायाँ राईले सहकारीमा जम्मा गरेको आफ्नो ४८ हजार रकम फिर्ता पाएपछि खुसी लागेको प्रतिक्रिया दिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com